नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १७ गते २०३६ साल

श्री ५ को सरकार

निर्माण तथा यातायात मन्त्रालयको

सचना

सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड २७ मिति २०३४।३।२० संख्या १२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा सिद्धार्थ राजमार्ग (सुनौली–पोखरा) को सडक सीमा केन्द्र रेखादेखि दायाँ बायाँ दुवैतिर पच्चीस पच्चीस मिटर तोकिएकोमा उक्त राजमार्गको १४५ कि. मि. ९३४ मि. ३ से. मि. देखि १४७ कि. मि. ३१० मि. ७ से. मि. भित्र पर्ने जम्मा १ कि. मि. ३७६ मि. ४ से. मि. सडकमा भने सडकको केन्द्र रेखादेखि दायाँ बायाँ दुवैतिर ६.५ मिटर मात्र सडक सीमा कायम हुने गरी तोकेको छ ।

आज्ञाले–
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मदन विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।